फोन नं. : ०१-५६७१७१७

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाइला, काठमाडौं
बागमती प्रदेश, नेपाल।

प.सं.:-
च.नं.:-

करार सेवामा नगर प्रहरी पदपूर्ति सम्बन्धी सूचना !
(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०५/०५)

नागार्जुन नगरपालिकाको लागि देहायको पद, संख्या र योग्यता भएका नगर प्रहरी करार सेवाको माध्यमबाट पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका प्रमाणपत्र र यस नगरपालिकाको राजश्व शाखामा राजश्व दाखिला गरेको सक्कलै रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| सि.नं. | विज्ञापन नं. | पद | तह | परीक्षा दस्तुर रू. | किसिम | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | २/२०८२-८३ | नगर प्रहरी सहायक निरीक्षक | सहायक चौथो | ५००/- (पाँच सय) | खुल्ला | १ |
| २ | ३/२०८२-८३ | नगर प्रहरी जवान | श्रेणी विहिन | ३००/- (तीन सय) | खुल्ला | ५ |
| | | | | | महिला | ३ |

१. **दरखास्त फाराम दर्ता मितिः** २०८२/०५/०५ गतेदेखि २०८२/०५/१९ गतेसम्म (दोब्बर दस्तुर तिरी मिति २०८२/०५/२६ गतेसम्म), समय बिहान १०.०० बजेदेखि कार्यालय समयसम्म (अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुल्ने दिन) ।

२. **दरखास्त फारम पाइने र बुझाउने स्थानः** नागार्जुन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हरिसिद्धि, सितापाईला, काठमाडौं । साथै दरखास्त फाराम यस नगरपालिकाको Website बाट समेत प्राप्त गर्न सकिनेछ ।

३. **छनौट विधिः-**
   - प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा, (शारीरिक तन्दुरूस्ती र स्वास्थ्य परिक्षणमा सफल उम्मेदवारलाई मात्र लिखित परिक्षामा समावेश गराईनेछ।)
   - विस्तृत स्वास्थ्य परीक्षण,
   - लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र योग्यता तथा स्थायी बासिन्दा मार्फत प्राप्त मूल्यांकन तथा अन्तर्वार्ता

४. **सेवाको किसिमः** करार सेवा

५. **करार सेवा अवधिः** नियुक्ति मितिबाट ६ महिनाको हुनेछ । (कार्यसम्पादन सन्तोषजनक देखिएमा नियमानुसार करार अवधि थप गर्न सकिनेछ)।

६. **आवश्यक न्यूनतम योग्यताः**

| सि.नं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| १. | नगर प्रहरी सहायक निरीक्षक (चौथो) | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको र नेपाल प्रहरी, सशस्त्र प्रहरी वा नेपाली सेनाको कम्तीमा जुनियर अफिसर वा सो सरहको पदबाट सेवा निवृत्त भएको वा घटिमा ५ वर्ष सेवा गरेको हुनुपर्नेछ ।<br>२. दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म २५ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।<br>३. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।<br>४. उचाइ, छाती र तौलः<br>(क) पुरूषः उचाइ घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल न्यूनतम ५० के.जी.<br>(ख) महिलाः उचाइ घटीमा ५ फिट, तौल न्यूनतम ४२ के.जी.<br>५. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको । |
| २. | नगर प्रहरी जवान (श्रेणी विहिन) | १. नगर प्रहरी जवान पदका लागि न्यूनतम आठ कक्षा पास गरेको,<br>२. दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको,<br>३. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।<br>४. उचाइ, छाती र तौलः<br>(क) पुरूषः उचाइ घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल न्यूनतम ५० के.जी.<br>(ख) महिलाः उचाइ घटीमा ५ फिट, तौल न्यूनतम ४२ के.जी.<br>५. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको । |

शिव प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

७. **दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरू:**
   (क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ (एक) प्रति ।
   (ख) स्वीकृत चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाण पत्रको प्रति ।
   (ग) हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साईजको फोटो ३ (तीन) प्रति ।
   (घ) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कसिट सहित) तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यमिक शिक्षा परिषद्/त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाणपत्र (Equivalent Certificate) ।
   (ङ) दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरूको प्रतिलिपिको पछाडि पट्टि **सक्कल बमोजिम नक्कल ठिक छ** भनी उम्मेदवार स्वयंले अनिवार्य रूपमा दस्तखत गर्नुपर्नेछ ।

८. **परीक्षा मितिः पछि प्रकाशन गरिनेछ ।**
९. **विस्तृत स्वास्थ्य परीक्षण र विशेष स्वास्थ्य परीक्षणः** नागार्जुन नगर अस्पताल, हरिसिद्धि, सितापाइला, काठमाडौं ।
१०. **सेवा सुविधाः** नगर कार्यपालिकाको निर्णय गरे बमोजिम ।
११. **पदमा रही गर्नु पर्ने कामको विवरणः** नगरपालिकाले तोके बमोजिम ।
१२. **दरखास्त दस्तुरः** नागार्जुन नगरपालिकाको नाममा एन.एम.बि. बैंक सितापाईला शाखामा रहेको आन्तरिक राजश्व खाता नम्बर ०६६००५३५९०१०००२५ मा बुझाउन सकिनेछ ।
१३. रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।
   **(नोटः-** थप जानकारीका लागि कार्यालयको फोन नं. ०१-५६७१७१७ मा सम्पर्क गर्न सकिनेछ ।)

(शिव प्रसाद रिजाल)
प्रमुख प्रशासकीय अधिकृत